# まんがでわかる フォークリフトの安全衛生


जापानी भाषा
ネパール語

कमिकको साथ बुझ्नुहोस्
# फोर्कलिफ्टको स्वास्थ्य र सुरक्षा




यो अडियोभिजुअल सामग्री, फोर्कलिफ्टहरू प्रयोग गर्ने साइटहरूमा काम गर्ने सबै कामदारहरुको लागि सुरक्षा र स्वास्थ्यको आधारभूत कुराहरू सिक्ने उद्देश्यले तयार गरिएको सामग्री हो।


आज फोर्कलिफ्ट कार्यको सुरक्षा र स्वास्थ्यको बारेमा सिकौं!
फोर्कलिफ्टहरू, गोदाम वा कारखाना वा निर्माण साइटहरू जस्ता विभिन्न स्थानहरूमा प्रयोग गरिन्छ।
त्यही त!
फोर्कलिफ्टको ड्राइभिंङग गर्नका लागि कक्षा लिएर प्रमाणपत्र लिन जरुरि छ।
ठूला उपकरणहरू चलाउनु पर्ने हुनाले कक्षा लिनु महत्त्वपूर्ण छ।


कक्षा लिएका व्यक्तिले चलाउँदा पनि श्रम दुर्घटना हुन्छ।
एह !
त्यसो भए, श्रम दुर्घटनाका मुख्य कारणहरू हेरौं न त!।
श्रम दुर्घटनाको कारण मृत्यु हुने व्यक्तिहरुको संख्या
१ ठक्कर खाएर (ठक्कर सहित) ८१६ जना
२ च्यापिएर/बेरिएर ७६९ जना
३ क्र्यास/खसेर ४२४ जना
४ उडान/झरेर १०७ जना
५ लडेर १०२ जना
सन्दर्भ: स्वास्थ्य, श्रम र कल्याण मन्त्रालय""कामदारको मृत्यु र चोटपटकको रिपोर्ट" को अनुसार मृत्यु र चोट पटकको घटनाको स्थिति २०१९ / २०१९ (मे २०२०)
"ठक्कर(ठक्कर सहित)" धेरै छन्...



त्यही त।
पहिला, "ठक्कर(ठक्कर सहित)"
"ठक्कर"
ड्राइभिंगको क्रममा
भित्ताहरुमा फोर्कलिफ्ट ठक्कर खाई
हुने दुर्घटना हो।
साथै, "ठक्कर खाएर"
वरपरका कामदारहरू फोर्कलिफ्टमा
ठक्कर खाएर हुने दुर्घटना हो।
फोर्कलिफ्ट
एकदमै भारि हुने भएकोले
ठोक्किएमा धेरै खतरा हुन्छ।
त्यसका साथै, फोर्कलिफ्टको
स्पिड पनि हुने भएकोले
होसीयार हुन जरुरी छ।


के गरेमा
यसलाई रोक्न सकिन्छ?
ड्राइभर होसीयारी हुनु
जरुरी छ, साथै वरिपरिका कामदारहरुले पनि
फोर्कलिफ्ट कसरि चल्दछ भन्ने कुरामा पनि
सचेत हुनु महत्त्वपूर्ण छ।
त्यसो पो हो।
तर मूल रूपमा, ड्राइभरले
होसियार हुनुपर्छ, हैन?
हम्म?
ड्राइभरले मात्र होइन,
वरिपरिका कामदारहरू पनि
होशियार हुनुपर्छ
!
हजुर राम्रो छ!


अर्को, "च्यापिएर्/बेरिएर"। फोर्कलिफ्टमा चल्ने भागहरु धेरै भएकाले प्रायः जसो च्यापिने दुर्घटनाहरू हुन्छन्।
फेरि, यू-टर्न गरेको फोर्कलिफ्ट र भित्ताको बीचमा च्यापिने घटनाका केसहरू पनि छन्।
यदि चोटपटकका कारण काम गर्न नसक्ने भएमा, परिवारलाई पनि चिन्ता हुन्छ अनि आम्दानीमा पनि असर पर्दछ...
त्यसकारण, पाठ्यक्रमको सामग्री बुझिसकेपछि नियमहरु पालना गर्न जरुरि छ।
पाठ्यक्रममा सिकेका कुराहरु उचित रुपमा प्रयोग गर्ने तरिका बुझ्नुहोस् र प्रयोग गर्नुहोस्।
साथै फोर्कलिफ्ट कसरी चल्दछ भन्ने कुरा बुझ्न पनि महत्त्वपूर्ण छ।



"क्र्यास/खसेर" कस्तो प्रकारको श्रम दुर्घटना हो?
उदाहरण लागि, गर्न नहुने कुरा तर,
फोर्कलिफ्टको फोर्कमा मानिसहरु राखेर उचाईमा काम गर्दा परिणाम स्वरुप क्र्यास भएका केस पनि छन्।
खतरा...
त्यसो भए,
カチッ
ガーッ
वास्तविक साइट
1
हेरौं!

# केस १


ओई! अब त्यो प्यालेटको काम गर ल।
हो!
एक पटक यू-टर्न गरेर, दिशा बदल्नु पर्छ।
तर पछाडि फर्केर ड्राइभिङग गरेमा.
ह्यान्डल कता मोड्ने थाहा नभएकोले केहि थाहा छैन।


ठीक छ, पछाडिको ऐना हेरेर ड्राइभिङग गरेमा हुन्छ?
के गर्नेहोला, तयारीको लागि समय लागेकोले, डेलिभरी समयमै हुन सकेन।
त्यही त! यदि यहाँबाट पास भएमा सर्टकट हुनेछ!
लाइन भन्दा अगाडि फोर्कलिफ्ट बाहेक प्रवेश निषेध छ...


अहिले फोर्कलिफ्ट चलिरहेको छैन, त्यसैले समस्या छैन होला।
योस्! कोही पनि छैन।
क्या आहा आहा!



ピタッ!!
किन यहाँ मान्छे!? ठिकै त छ!
खैर, ठिकै छ...
किन पैदल हिड्ने मार्गमा नहिडेको!
माफ गर्नुहोस्...
प्रतीक्षा गर्नुहोस्।


के तपाई पनि होसियार हुनुहुन्न?
अचानक केही उफ्रेर आउने पनि हुन्छ भन्ने कुरामा ध्यान दिनु भएको थियो?
यू-टर्न गर्दा, पछाडिको ऐनामा मात्र भर गर्नुहुन्न!
वरपरको अवस्था आँखाले हेरेर पुष्टि गर्ने।
माफ गर्नुहोस् !!
पछाडि ठिक छ!!
पुष्टि गर्दा, औँलाले देखाएर नाम भन्नु पनि जरुरी हुन्छ।


साथै तपाईँ, प्रवेश निषेध क्षेत्रहरूको व्यावसायिक नियमहरू पालना गर्ने!
साथै, गोदामभित्र ड्राइभरले देख्न नसक्ने स्थान पनि हुन्छन्।
फोर्कलिफ्टको सानो मोड प्रभावकारी हुनुसँगै यसपटक को जस्तो अचानक चल्न पनि सक्छ।
त्यसैले कहिले पनि फोर्कलिफ्टको नजिक नजानुहोस्!
ड्राइभरले मात्र नभई वरपरका कामदारहरूको लागि पनि होसियार हुनु जरुरी छ।
चोटपटक लागेमा परिवारलाई पनि चिन्ता हुनेछ।
म होसियार रहनेछु...


# केसु २


यो बोकेमा समयमै काम सम्पन्न हुन सक्छ!
आह... प्यालेट मिलेको छैन।
पक्कै पनि...
प्यालेटहरु नमिलेको अबस्थामा थुपारेमा
झर्ने डर पनि हुन्छ।


फोर्कलिफ्टको सामान मिलाउँदा फोर्कलाई भुइँमा झार्न नबिर्सनुहोस्!
त्यसपछि पावर अफ गरेर फोर्कलिफ्टबाट झर्नुहोस्।
OFF
भन्नत भनेका थिए...
झर्न झन्झट छ, त्यसैले यत्तिकै प्यालेटको नमिलेको भागलाई मिलाउँ।
ओह! हुन्छ हुन्छ!


आह !!
ぐっ
ぐぐぐっ
प्रतीक्षा गर्नुहोस्! लिफ्ट चल्न सुरु हुनेछ!
ビクッ
ए, यो के हो !?
फोर्कलिफ्टमा चढेकै अबस्थामा सामान मिलाउँनु हुँदैन!


ON
पावर पनि अफ गरेको छैन।
फोर्क पनि तल झारेको छैन।
कक्षामा सिकेको जसरी नगरि हुन्न।
एक क्षण हो भने, केहि फरक पर्दैन भन्ने सोचे...
ठीक छ, यस पटक दुर्घटना नभई टर्यो तर...
यदि, अझै बढि शरीरमा कोल्टे लिभरले ठक्कर दिन्छ भने...


फोर्कलिफ्टको मस्तुल सर्न सुरु गरेर,
जिउ च्यापिएर,
नराम्रो भएको भए, प्राण जाने दुर्घटना पनि निम्त्याउन सक्थ्यो!
नियम पालना नगर्दा ज्यान जाने कुरा पनि छ...
अन्तमा यस मामिलाको महत्वको बारेमा बुझ्नुभयो।


"यतित होनि भनेर" भन्ने भनाईले कार्य दुर्घटना निम्त्याउन सक्छ।
पालना गर्न नपर्ने नियमहरू कुनै पनि छैनन्।
म साँच्चै दुः खी छु !!
त्यस्तै सिनिएर! रोक्न दिनुभएकोमा धन्यवाद! एक जिवनरक्षक!
सुरक्षित भएर धैरै राम्रो भयो।

# केस 3



ウィーーン
अपरेशनमा पनि बानी पर्यो।
अब त्यो चढाउने मात्र हो।
ぐらぐら
यो सामान तल झर्नु सक्दछ...



माफ गर्नुहोस्!
यो सामान, के गरेमा झर्नबाट रोक्न सकिन्छ होला।
ओह, म प्यालेटमा चढौंकि क्या हो?
प्यालेटको माथिबाट सामानलाई आड दिन्छु।
हम्म, यसरि सामान बोक्न कठिन छ हैन।
के यो खतरनाक छैन?
ठिक छु।


उठाए पनि हुन्छ!
अझै अलि कति
ぐらっ
ढल्छ!
ばっ
आह,



ऐया !!
के तिमी ठीक छौ?
मलाई ठीक छ, अलिकति घुँडा ठोक्किएको मात्र हो।
के को आबाज हो भनि, आएर हेर्दा!


यो पटक सानो घाउ मात्र भएर बचें...
उचाई अनुसार, प्राण जाने दुर्घटना पनि निम्त्याउन सक्थ्यो!
अहिलेको उचाईबाट पनि टाउको पटिबाट खसेको भए के हुने थियो!
खास भन्ने हो भने!
NG
प्यालेट वा फोर्कमा चढेर अग्लो ठाउँको काम वा यताउता सर्ने काम व्यावासायिक नियम अनुसार निषेध गरिएको छ!


कुनै पनि हालतमा नगर्नुहोस्!
माफ गर्नुहोस्...
सुरक्षित छदै छ नि भन्ने जस्ता कुरा नसोच्ने
दैनिकरुपमा उचित खालको नर्भस हुनु पनि जरुरि छ।
साथै, यस्ता खालका सामानहरु फिल्मले बाँधेर एकै ढिक्का बनाएमा बोक्न सजिलो हुनेछ।
यदि केहि समस्या भएमा, कृपया मलाई सम्पर्क गर्नुहोस्।
आफु एक्लैले समाधान नगर्ने।
हो!




# फोर्कलिफ्टले काम गर्दा ध्यान दिनुपर्ने पोइन्टहरू



## 1 कौशल प्रशिक्षण प्रमाणपत्र

*अधिकतम १ टन भन्दा कमको फोर्कलिफ्ट ड्राइभिङ गर्नको लागि विशेष शिक्षा।



फोर्कलिफ्ट ड्राइभिङ गर्नको लागि, कौशल प्रशिक्षण पूरा गर्न आवश्यक छ। साथै, प्रमाणपत्र सधैं बोक्न जरुरी छ।

## 2 फोर्कलिफ्टको वरिपरि




निषेधित क्षेत्र र फोर्कलिफ्टको नजिक कुनै पनि हालतमा नजाने।

## 3 च्यापियो




फोर्कलिफ्टमा लोड भएको सामान फोर्कलिफ्टबाट झरेर सामान ठीक गरौं।

## 4 खसेर/क्र्यास




फोर्कलिफ्टको फोर्क वा प्यालेटमा मानिस चढ्नलाई सिद्धान्त रूपमा, निषेध गरिएको छ।





फोर्कलिफ्ट काम



यस बारे सावधान रहौं!

## सुरक्षा र स्वास्थ्यको लागी सङ्केत!

**1** गोदामभित्र हाम फाल्नेकुरामा सावधानी!



**2** अस्थिर खालको ड्राइभिंगमा सावधानी!



**3** ओभरलोड र सामान झर्ने कुरामा सावधानी!



**4** पार्किङ्ग गर्दाको सावधानी!




इलुस्ट्रेसनका साथ सिक्नुहोस्


कार्यस्थलको काममा लुकेको खतराको बारेमा जानौं!

# खतरा भविष्यवाणी प्रशिक्षण (KYT)

## Q काहाँ खतरा छ सोचेर हेरौं!




## A यो खतराको पोइन्ट हो!





1 निषेधित क्षेत्रमा प्रवेश नगर्नुहोस्।




2 फोर्कलिफ्ट पछाडि नहिंड्ने।



3 सामानको ओभरलोडमा सावधानी।



4 अचानक टर्निंग नगर्ने।



अन्य खतरनाक पोइन्टहरूको बारेमा सोचौं।


कमिकको साथ बुझ्नुहोस्

फोर्कलिफ्टको स्वास्थ्य र सुरक्षा

मार्च २०२१ प्रकाशित

प्रकाशित:स्वास्थ्य, श्रम र कल्याण मन्त्रालय

योजना: Mizuho Information & Research Institute, Inc.

सहयोग: भूमि मालवाहक यातायात र फोर्कलिफ्टसँग सम्बन्धि सुरक्षाको शिक्षा सामग्रीहरू सिर्जना गर्न काम

उत्पादन: Sideranch Inc.

厚生労働省
Ministry of Health, Labour and Welfare

यस कागजातको बारेमा सोधपुछको लागि

स्वास्थ्य, श्रम र कल्याण मन्त्रालय श्रम मापदण्ड ब्यूरो

स्वास्थ्य र सुरक्षा विभाग सुरक्षा बिभाग